REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 24.09.2024

---

Governor North Sikkim Visit

राज्यपाल श्री ओम प्रकाश माथुरले आज लाचेनमा पिपन र जुम्साका सदस्यहरूसित भेट गर्नुभयो।

भेटघाटका बेला उहाँहरूले क्षेत्रलाई असर गर्ने सड़क सम्पर्क र पर्यटन सम्वन्धी मामिलाहरूवारे चर्चा गर्नुभयो।

राज्यपालले यी विषयहरूमाथि केन्द्रसरकारको ध्यान आकर्षण गराउने आश्वासन दिनुभएको छ ऋण पुनभूक्तानमा बाघबारे बोल्दै श्री माथुरले भन्नुभयो, उहाँले यसअघि ब्याङ्क अधिकृतहरूलाई सम्भावित समाधान खोज्न लगाउनु हुनेछ।

समयमा पूर्वाधार मरम्मतिको महत्ववारे बोल्दै राज्यपालले पिपनहरू र जुम्साका सदस्यहरूसित निर्माण तथा विकास परियोजनाहरूलाई द्रुतगतिमा अघि बढ़ाउनमा जिल्ला प्रशासन र सेनालाई सहयोग गर्ने आग्रह गर्नुभएको छ।

श्री माथुरले पिपन र जुम्साका सदस्यहरूलाई दुई दुई लाख रूपियाँको अनुदान प्रदान गर्नुभयो।

यसअघि पिपन श्री कासाङ लाचुङपाले सड़क बन्द हुँदा पर्यटन र स्थानीय अर्थव्यवस्थामा पारेको असरवारे अवगत गराउँदै राज्यपालसित ब्याङ्कहरूसित सम्झौता गर्नमा सहयोग गर्ने आग्रह गर्नुभयो र भन्नुभयो हालैको बाडीले गर्दा धैरै वासिन्दाहरूलाई ऋण भूक्तान गर्नमा समस्या भइरहेछ।

उहाँले Vibrant Village परियोजनाको सुरक्षा देवल निमार्णापर्थ सहयोग गर्ने आग्रह पनि गर्नुभयो।

---

Governor

मंगन जिल्लाको तीन दिवसीय भ्रमणको क्रममा राज्यपालले हिजो अठार हजार दुइ सय फीटको ऊँचाईमा स्थित डोङकाला पास जानुभयो ।

यो देशको दोस्रो सबैभन्दा उच्च पास हो।

त्यहाँ श्री माथुरले भारत चीन सीमा र केरागं भारत तिब्बत सीमा पुलिसको आधार शिविरको भ्रमण गर्नुभयो।

उहाँसित मंगन जिल्लाका जिल्लाधीश श्री अनन्त जैन अनि सीमा सड़क कार्य बल BRTF र भारत तिब्बत सीमा पुलिस ITBP का वरिस्ठ अधिकारीहरू पनि गएका थिए।

यात्रा अबधिमा राज्यपालले यस सम्वेदनशईल क्षेत्रमा तैनात सैन्य कर्मीहरूको कल्याण र चिचालनगत तयारीसित सम्वन्धित विषयहरूवारे सुरक्षाबलका वरिस्ठ अधिकारीहरूसित विचारविमर्श गर्नुभयो।

पछि श्रई माथुर सत्र हजार आठ सय फीट उचाईँमा अवस्थित गुरूदोङमार झीलमा गएर पूजा गर्नुभयो।

त्यसपछि उहाँ थांगुको सेना पारगमन शिविरमा जानुभयो।

---

Minister visit

राज्यका जन स्वास्थ्य अभियान्त्रिकी तथा जल संसाधन मन्त्री श्री सोनाम लामाले आज नाम्ची जिल्ला अधिनका घुर्पिसे, दाम्थाङ, राबोङ र नाम्चीको भ्रमण गर्नुभयो।

रास्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगम NHIDCL का विभिन्न क्रियाकलापहरूको कारणले यी क्षेत्रहरूमा नियमित जलापुर्तिमा बाधा पुग्न गएको बताइन्छ।

उहाँसित नाम्ची नगरपरिषदका अध्यक्ष श्री गणेष राई, जन स्वास्थ्य अभियान्त्रिकी श्री गणेष राई, जन स्वास्थ्य अभियान्त्रिकी विभागका सचिव श्री चेतराज मिश्र अनि विभागका अभियन्ता र अधिकृतहरू पनि गएका थिए।

श्री लामाले अधिकृतहरूलाई प्रभावित क्षेत्रहरूमा तुरन्तै नियमित पानीको आपुर्ति सुनिन्चित गर्ने निर्देश दिनुभएको छ।

प्राप्त प्रेस विज्ञप्ती अनुसार रास्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगमद्वारा सड़कको दर्जा बड़ाउने कार्यहरूले गर्दा राबोङ सुरूङ जनतापुर्ति लाइनमा वाधा पुग्न गएको कुरोलाई ध्यानमा राखेर मन्त्रीले निगमका अधिकृतहरूलाई दुई दिनभित्रमा पानीको आपुर्ति नियमित गर्ने निर्देश दिनुभएको छ।

---

BJP

सिक्किम प्रदेश भारतीय जनता पार्टीले दावी गरे अनुसार केन्द्रमा प्रधानमन्त्री श्री नरेन्द्र मोदी नेतृत्वधीन भारतीय जनता पार्टी सरकारले तेस्रो कार्यकालको पहिलो एक सय दिनमा उल्लेखनीय कार्यहरू गरेको छ।

गान्तोक आज एउटा पत्रकार सम्मेलनमा बोल्दै पार्टी प्रवक्ता श्री डी आर गिरीले देश र राज्यहरूको हितमा विभिन्न योजनाहरूका र युवाहरूको क्षमता विकास तथा रोजगारिका लागि गरिएका कार्यहरूको उल्लेख गर्नुभयो।

उहाँले केन्द्र सरकारका विभइन्न योजनाहरूवाट प्रत्यक्ष र परोक्ष रूपमा सिक्किम राज्य अनि राज्यवासीहरू लाभान्वित हुने पानि दावी गर्नुभयो।

---

Swachhata Hi seva

स्वच्छ भारत मिशनको दशौं वर्षगाँठको अवसरमा सारा देशमा अहिले 'स्वच्छता ही सेवा' अभियान चलिरहेछ।

यसको विषय छ 'स्वभाव स्वच्छता-संसकार स्वच्छता'।

स्वच्छता ही सेवा अभियान 2024 अन्तर्गत राज्यमा पनि स्वच्छता सम्वन्धी गतिविधीहरू भइरहेछन्।

सूचना तथआ जनसम्पर्क विभाग आज अभइयानमा सहभागी बन्यो।

विभागकी सचिव श्रईमती अन्नपूर्ण आलेले तादोङ स्थित सूचना भवनामा स्वच्छ परिवेशका लागि व्यक्तिगत योगदानको महत्वमाथि जोड़ दिँदै स्वच्छताको शपथ ग्रहण गराउनुभयो।

त्यसपछि विभागका अधिकारी र कर्मचारीहरूका कार्यालय परिसर वरपर सरसफाई गरे यो अभियान आउँदो महीना दुई तारीक समाप्त हुनेछ।

---

Parliament Conference

लोकसभा अध्यक्ष श्री ओम बिड़लाले विधानपालिकाहरूको दक्षता र कामकाजमा सुधारका लागि प्रौद्योगिकीको उपयोगमाथइ जोड़ दिनुभएको छ।

उहाँ हिजोदेखि नयाँ दिल्लीमा शुरू भएको दुई दिवसीय दसौ रास्ट्रमण्डल संसदीय संघ सीपीए भारत क्षेत्र सम्मेलनमा बोल्दैहुनुहुन्थ्यो।

सम्मेलनमा राज्य र केन्द्रशासित प्रदेशका विधानमण्डलहरूका छयालिस पीठासीन अधिकारी, पच्चीसजना अध्यक्ष र चौधजना उपाध्यक्षहरूले भाग लिइरहेछन्।

यसको विषय छ सतत र समावेशी विकास प्राप्त गर्नमा विधायी निकायहरूको भूमिका।

---